स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री तथा नृत्याङ्गना कविता नेपाली पछिल्लो समय चलचित्र अभिनयसँगै सामाजिक विषयमा आफ्नो स्पष्ट धारणा राखेका कारण चर्चामा छन्। उनले सामाजिक सञ्जालमा आफ्नो जातीय पहिचानलाई लिएर अपमानजनक टिप्पणी गर्ने व्यक्तिप्रति आपत्ति जनाउँदै कडा जवाफ दिएकी छन् । आफ्नो जातीय पहिचानप्रति गर्व रहेको बताउँदै कविताले जातका आधारमा गरिने विभेद र अपमान सह्य नहुने स्पष्ट पारेकी छन्।

आजको विचार...



कलममाथि...
(दुई पैजमा)

विशाल दलामी

चर्चित हास्यकलाकार सीताराम कट्टेल "घुर्मुस" पछिल्लो समय अभिनयसँगै गायन क्षेत्रमा पनि सक्रिय देखिएका छन्। उनले हालै "ए ससुरा बा" बोलको गीत सार्वजनिक गर्दै गायकका रूपमा नयाँ यात्रा सुरु गरेका छन्। संगीतकार बाबुल गिरीको संगीत रहेको उक्त गीतमा घुर्मुसलाई गायिका जुनु प्रसाईंले स्वरमा साथ दिएकी छन्। गीतका शब्दसमेत घुर्मुस स्वयंले लेखेका छन्।



❐ वर्ष ३२ ❐ अंक १२० ❐ २०८३ मंसिर ११ गते शुक्रबार 27 November 2026, Friday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

सक्षिप्त समाचार

सुरक्षा कारबाहीमा १२ जना मारिए

एजेन्सी

इस्लामाबाद, मंसिर १०/ पाकिस्तानको बलुचिस्तान प्रान्तमा नोभेम्बर २० देखि २३ सम्म सञ्चालन गरिएका चार छुट्टाछुट्टै गुप्तचर सूचनामा आधारित सुरक्षा कारबाहीमा १२ जना मारिएको पाकिस्तानी सेनाले जनाएको छ । सेनाको सञ्चार विभाग इन्टर सर्भिसेज पब्लिक रिलेसन्स (आईएसपीआर) का अनुसार नोभेम्बर २० मा नुश्की जिल्लामा विद्रोही लुकेको स्थानलाई लक्षित गरी कारबाही गरिएको थियो ।त्यस क्रममा भएको गोली हानाहानमा 'फितना अल हिन्दुस्तान' समूहका आठ सदस्य मारिएको र हतियार तथा गोलीगा बरामद गरिएको सेनाले जनाएको छ ।नोभेम्बर २१ मा सिबी जिल्लामा विद्रोहीको आवागमन रोक्ने क्रममा थप दुई जना मारिएको आईएसपीआरले जनाएको छ । त्यस्तै, नोभेम्बर २२ र २३ मा पन्जगुर र केच जिल्लामा छुट्टाछुट्टै कारबाही तथा खानतलासीका क्रममा थप दुई जना मारिएको सेनाको दाबी छ । पाकिस्तानमा पछिल्लो समय विशेषगरी खैबर पख्तुनख्वा र बलुचिस्तानमा 'आतंकवादी' गतिविधि बढ्दै गएको सेनाको भनाइ छ ।

माग सुनुवाइ नभएपछि पत्रकारको आन्दोलन चर्किदै

राजनीतिक दलका कार्यालयमा धर्नादेखि देशव्यापी प्रदर्शनसम्मका कार्यक्रम घोषणा

हाम्रा संवाददाता

पाल्पा, मंसिर १०/ माग सुनुवाइ नभएपछि नेपाल पत्रकार महासंघले आन्दोलनका थप कार्यक्रम घोषणा गरेको छ । सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति अनुदार व्यवहार देखाएको भन्दै महासंघले आन्दोलनमा उत्रिएको हो ।

महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र पत्रकारका अधिकार सुनिश्चित गर्न दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गर्नु परेको जनाएको छ । समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि धरपकड गरिएको, प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने मनसायसहित प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास भएको तथा सञ्चार माध्यममा अवरोध पुऱ्याउनेमाथि कार



बाही नभएको महासंघको आरोप छ । त्यस्तै, गोरखापत्रलगायत सरकारी तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबरजस्ती निष्कासन गरिएको, श्रम अधिकार उल्लंघन भएको र लोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले पाउनुपर्ने रकम प्रेस काउन्सिल नेपालको सिफारिसअनुसार उपलब्ध नगराइएको विषयलाई पनि महासंघले आन्दोलनको कारणका रूपमा उल्लेख गरेको छ । महासंघले पहिलो चरणको आन्दोलन देशव्यापी रूपमा सफलतापूर्वक सम्पन्न भए पनि सर कारले आफ्ना मागलाई बेवास्ता गरेको जनाएको छ । सरकारमाथि थप दबाब सिर्जना गर्न र संघीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूलाई आफ्ना मागप्रति सहमत गराउन दोस्रो चरणको आन्दोलन घोषणा गरिएको महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । घोषित कार्यक्रमअनुसार जिल्ला, प्रदेश र केन्द्रमा १३ मंसिरमा रास्वपा कार्यालय, १४ मंसिरमा कांग्रेसको कार्यालय, १५ मंसिरमा एमाले, १६ मंसिरमा नेकपा, १७ मंसिरमा श्रम संस्कृति पार्टी र १८ मंसिरमा राप्रपाको कार्यालयमा धर्ना दिने कार्यक्रम तय गरिएको छ । ती दलका कार्यालयमा 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता : प्रमुख दल किन मौन ?' भन्ने नारासहित धर्ना दिइनेछ । त्यस्तै, मंसिर २० गते काठमाडौंको माइतीघर र देशभरका जिल्ला सदर मुकाममा कालो लुगा, कालोपट्टी र कालो मास्क लगाएर प्रदर्शन गर्ने महासंघको कार्यक्रम छ । महासंघले कुनै पनि राजनीतिक दलले आफ्ना मागप्रति लिखित ऐक्यबद्धता जनाउँदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्धता व्यक्त गरे त्यस्तो दलको कार्यालयमा धर्ना नदिने जनाएको छ । दोस्रो चरणको आन्दोलनबाट पनि माग सम्बोधन नभए तेस्रो चरणका कार्यक्रम घोषणा गर्ने महासंघले जनाएको छ ।

मन्त्रीपरिषद्को मर्यादाक्रम हेरफेर



काठमाडौं, मंसिर १०/ राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री बालेन्द्र शाहको सिफारिसमा मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेर गरेका छन् । राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिअनुसार प्रधानमन्त्रीको सिफारिसमा संविधानको धारा (७६) को उपधारा (९) बमोजिम १३ चैत २०८२ मा गठित मन्त्रीपरिषद्को मर्यादा हेरफेर गरेका हुन् ।

सातौं वरीयतामा रहेकी कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलाई मर्यादाक्रममा माथि सारेर तेस्रो स्थानमा ल्याइएको छ । यसअघि मन्त्रिपरिषद्को तेस्रो वरियतामा पर्राष्ट्रमन्त्री शिशिर खनाल थिए । सोविता तेस्रो वरीयतामा उक्लँदा उर्जामन्त्री विराजभक्त श्रेष्ठ, गृहमन्त्री सुधन गुरुङ र पूर्वाधारमन्त्री सुनिल लम्सालको वरीयता एक-एक स्थान तल पारिएको छ । सोविता गौतम रास्वापाको महाधिवेशनबाट पार्टीको उपसभापतिमा निर्वाचित भएकी थिइन् । पार्टीमा उनी तेस्रो वरीयतामा रहे पनि मन्त्रिपरिषद्मा उनी सातौं स्थानमा थिइन् । पार्टीको वरीयताअनुसार उनलाई माथि लगिएको छ । नयाँ मर्यादाक्रमअनुसार अब प्रधानमन्त्री बालेन्द्र शाहपछि क्रमशः अर्थमन्त्री स्वर्णिम वाग्ले, कानुनमन्त्री सोविता गौतम, पर्राष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ, गृहमन्त्री सुधन गुरुङ, पूर्वाधारमन्त्री सुनिल लम्साल रहनेछन् । यस्तै, त्यसपछिको वरीयतामा विज्ञान प्रविधिमन्त्री महावीर पुन, महिला बालबालिकामन्त्री सीता बादी, प्रतिभा रावल, निशा मेहता, शिक्षामन्त्री सस्मित पोखरेल, पर्यटनमन्त्री खडक राज पौडेल, सञ्चारमन्त्री विक्रम तिमिल्सिना, उद्योगमन्त्री दिपकुमार साह र श्रममन्त्री रामजी यादव रहनेछन् ।

नेपाल-भारत सहमतिले भैरहवा विमानस्थलमा उडानको आशा बढायो

रूपन्देही, मंसिर १०/ नेपाल र भारतबिच काठमाडौं-भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी सञ्चालन गर्न सहमति भएपछि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान विस्तारको सम्भावना बढेको छ ।प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा भएको यो सहमतिले भैरहवा विमानस्थलबाट अन्तरराष्ट्रिय उडान सञ्चालनमा देखिएको हवाई मार्गसम्बन्धी अवरोध हटाउन सहयोग पुग्ने अपेक्षा गरिएको हो ।

सहमतिअनुसार काठमाडौं-भैरहवा-लखनउ (बी-३४५) हवाई मार्गलाई एकतर्फीबाट दुईतर्फी बनाउने विषय अघि बढाइएको छ । यसअघि उक्त मार्ग प्रयोग गरी भैरहवाबाट उडान तथा अवतरणमा व्यावहारिक कठिनाइ रहँदै आएको थियो । दुईतर्फी सञ्चालनको व्यवस्था कार्यान्वयनमा आएमा गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय उडान



सञ्चालन सहज हुने र विमान कम्पनीलाई थप विकल्प उपलब्ध हुने अपेक्षा गरिएको छ ।यद्यपि सहमतिलाई कार्यान्वयनमा लैजान प्राविधिक पक्ष, उडान सञ्चालनको प्रक्रिया तथा आवश्यक व्यवस्थापनबारे थप छलफल गर्नुपर्नेछ । त्यसैले सहमतिपछि तत्काल नियमित उडान सुरु भइसकेको अर्थमा बुझ्न नहुने सरोकारवालाको भनाइ छ ।सिद्धार्थ उद्योग वाणिज्य सै, रुपन्देहीका अध्यक्ष नेत्रप्रसाद आचार्यले हवाई मार्ग दुईतर्फी बनाउने सहमतिलाई भैरहवा र समग्र लुम्बिनी क्षेत्रको आर्थिक विकासका लागि सकारात्मक उपलब्धिका रूपमा लिनुपर्ने बताए। उनका अनुसार अन्तरराष्ट्रिय उडान विस्तार हुँदा पर्यटन, उद्योग, व्यापार तथा होटल व्यवसायमा प्रत्यक्ष प्रभाव पर्नेछ । विमानस्थल पूर्ण क्षमतामा सञ्चालन हुनसके यस क्षेत्रको आर्थिक गतिविधि थप चलायमान बन्ने उनको अपेक्षा छ ।नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) का पूर्वअध्यक्ष सागर अधिकारीले हवाई पहुँच विस्तारले लुम्बिनी आउने विदेशी पर्यटकको आवागमन सहज बनाउनसक्ने बताए ।

(बाँकी अन्तिम पेजमा ...)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

प्रेसलाई नजिस्काऊ

लोकतन्त्रमा प्रेस स्वतन्त्रता कसैको कृपा वा उपहार होइन, नागरिकले संविधानमार्फत प्राप्त गरेको मौलिक अधिकार हो । सरकारका कामकारबाही माथि प्रश्न उठाउनु, कमजोरी औँल्याउनु, गलत निर्णयको आलोचना गर्नु र जनताका आवाज सार्वजनिक गर्नु स्वतन्त्र प्रेसको जिम्मेवारी हो । तर यही जिम्मेवारी निर्वाह गरिरहेका पत्रकारलाई समाचारको स्रोत खोज्ने नाममा समाचार कक्षबाटै पक्राउ गर्ने, धरपकड गर्ने र सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनमा कटौती गर्ने कदम चालिन्छ भने त्यसले गम्भीर प्रश्न जन्माउँछ । समाचारको स्रोत खोज्ने नाममा पत्रकारमाथि गरिएको सामूहिक गिरभ्तारी र धरपकड प्रेस स्वतन्त्रताको मर्मविपरीत छ । कुनै समाचारप्रति सरकार वा सम्बन्धित निकायको असहमति हुन सक्छ । समाचारमा त्रुटि भए कानुनी र पेसागत प्रक्रियाबाट त्यसको निरूपण गर्न सकिन्छ । तर समाचारको विषयलाई आधार बनाएर पत्रकारलाई पक्राउ गर्ने, त्रसित बनाउने र सञ्चारमाध्यममाथि दबाब सिर्जना गर्ने प्रवृत्तिले स्वतन्त्र पत्रकारिताको वातावरण कमजोर बनाउँछ ।

पत्रकारले समाचार लेखेकै कारण असुरक्षित महसुस गर्नुपर्ने अवस्था लोकतान्त्रिक समाजका लागि सुखद संकेत होइन । यही विषयलाई लिएर नेपाल पत्रकार महासंघको आह्वानमा देशभरका पत्रकार आन्दोलनमा उत्रिएका छन् । पाल्पासहित विभिन्न जिल्लाका महासंघ शाखाले जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिँदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाएका छन् । पाल्पामा पत्रकारहरूले 'पत्रकारलाई सामूहिक गिरफ्तार गर' भन्ने व्यंग्यात्मक नारासहित प्रदर्शन गर्नु आफैँमा राज्यको व्यवहारप्रतिको गम्भीर असन्तुष्टिको अभिव्यक्ति हो । पत्रकारलाई सुरक्षा र स्वतन्त्रता दिनुपर्ने राज्यकै निकायबाट उनीहरू असुरक्षित हुने अवस्था आउनु विडम्बनापूर्ण छ । अर्कोतर्फ, सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनमा कटौती गर्ने तथा प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयासले पनि प्रेस जगतमा आशंका बढाएको छ । लोककल्याणकारी विज्ञापन सञ्चारमाध्यमलाई राज्यले दिएको अनुदान मात्र होइन, सार्वजनिक सूचना नागरिकसम्म पुऱ्याउने र विशेषगरी साना तथा स्थानीय सञ्चारमाध्यमलाई टिकाइराख्ने एउटा माध्यम पनि हो । यसमा हुने कटौती वा वितरण प्रक्रियामा गरिने मनपरीले आर्थिक रूपमा कमजोर सञ्चारमाध्यमलाई थप संकटमा पार्न सक्छ । विज्ञापन वितरण पारदर्शी, निष्पक्ष र मापदण्डमा आधारित हुनुपर्छ । पत्रकार महासंघले उठाएका मागलाई बेवास्ता गरेर समस्या समाधान हुँदैन । संवाद र सहमतिबाटै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी विवादको निकास खोजिनुपर्छ । पत्रकारितालाई नियन्त्रण गरेर सत्य लुकाउन सकिँदैन । प्रेस स्वतन्त्र रह्यो भने मात्र नागरिकले सत्य थाहा पाउने, सत्ताले आफ्नो जवाफदेहिता महसुस गर्ने र लोकतन्त्र जीवन्त रहनेछ । तसर्थ प्रेसलाई जिस्काउने, प्रश्न गर्ने आवाजलाई थुन्ने काम नगर्दा हुन्छ ।

Opinion @ Social Network

"किताबले त केवल अक्षर चिन्न सिकाउँछ,
बाँच्ने वास्तविक तरिका त समय र परिस्थितिले सिकाउँछ ।"
(भावना सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Bhawana.Saru)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

कलममाथि नेल लगाएर लोकतन्त्र बलियो हुँदैन !



विशाल दर्लामी

सरकारको आलोचना गर्नु अपराध होइन । बरु सरकारका कामकारबाहीमाथि निगरानी राख्नु, जनताको पक्षबाट प्रश्न उठाउनु र सार्वजनिक पदमा बसेकाहरूलाई जवाफदेही बनाउनु स्वतन्त्र पत्रकारिताको आधारभूत जिम्मेवारी हो । पत्रकारको कलम सत्ताको प्रशंसापत्र लेख्नका लागि होइन, समाजको यथार्थ उजागर गर्नका लागि चल्नुपर्छ । पत्रकारले सरकारका राम्रा कामको प्रशंसा गर्न सक्छन्, तर गलत काममाथि मौन बस्न बाध्य पारिनु हुँदैन । सत्तालाई ऐना देखाउने पत्रकार शत्रु होइन, लोकतन्त्रको पहरेदार हो । सरकारले बुझ्नुपर्ने कुरा के हो भने निर्वाचनमा प्राप्त बहुमत वा जनमत निरंकुश बन्ने अनुमतिपत्र होइन । जनताले दिएको मत शासन गर्ने अधिकार हो, जनताको आवाज बन्द गर्ने अधिकार होइन । बहुमतको सरकार हुनु र आलोचनाभन्दा माथि हुनु फरक कुरा हुन् । लोकतन्त्रमा सरकारको वैधता केवल निर्वाचनबाट मात्र स्थापित हुँदैन, उसको व्यवहार, जवाफदेहिता र नागरिक स्वतन्त्रताप्रतिको सम्मानबाट पनि स्थापित हुन्छ । नेपालको संविधानले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र सञ्चारको हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ । यी अधिकार कुनै सरकारको कृपा वा उदारतामा निर्भर छैनन् । संविधानभन्दा माथि सरकार हुँदैन । त्यसैले सरकारको आलोचना गरेको कारण पत्रकारलाई दुःख दिने, सञ्चारमाध्यमलाई धम्क्याउने वा असहमत विचारलाई बलपूर्वक दबाउने प्रयास सवैधानिक लोकतन्त्रको मर्मविपरीत हुन्छ ।

लोकतन्त्रमा सत्ता जनताप्रति उत्तरदायी हुनुपर्छ, जनता सत्ताप्रति होइन । सरकार जनताको मतबाट निर्वाचित हुन्छ, तर त्यसको अर्थ सरकारका हरेक निर्णय र गतिविधि निर्विवाद हुनुपर्छ भन्ने होइन । लोकतन्त्रको वास्तविक सौन्दर्य नै यही हो कि सत्तामा बस्नेहरूलाई प्रश्न गर्न पाइन्छ, उनीहरूका कमजोरी औँल्याउन पाइन्छ र गलत निर्णयको सार्वजनिक आलोचना गर्न पाइन्छ । जुन व्यवस्थामा प्रश्न गर्ने अधिकार सुरक्षित हुँदैन, त्यहाँ लोकतन्त्रको औपचारिक आवरण त बाँकी रहन सक्छ, तर यसको आत्मा जीवित रहन सक्दैन ।

यतिबेला सरकारका गलत निर्णय र कार्यशैलीमाथि प्रश्न उठाउने पत्रकार तथा सञ्चारमाध्यमलाई लक्षित गरी धरपकड, धम्की र त्रासको वातावरण सिर्जना गरिएको विषय गम्भीर चिन्ताको विषय बनेको छ । सञ्चारगृहलाई भिजिलान्ते प्रयोग गरेर तर्साउने, पत्रकारलाई भयभीत बनाउने र आलोचनात्मक समाचार तथा विचारलाई निरुत्साहित गर्ने गतिविधि यदि राज्यसत्ताको संरक्षण वा संलग्नतामा भइरहेका छन् भने त्यो केवल पत्रकारितामाथिको आक्रमण होइन, समग्र लोकतान्त्रिक व्यवस्थामाथिकै चुनौती हो ।

सरकारको आलोचना गर्नु अपराध होइन । बरु सरकारका कामकारबाहीमाथि निगरानी राख्नु, जनताको पक्षबाट प्रश्न उठाउनु र सार्वजनिक पदमा बसेकाहरूलाई जवाफदेही बनाउनु स्वतन्त्र पत्रकारिताको आधारभूत जिम्मेवारी हो । पत्रकारको कलम सत्ताको प्रशंसापत्र लेख्नका लागि होइन, समाजको यथार्थ उजागर गर्नका लागि चल्नुपर्छ । पत्रकारले सरकारका राम्रा कामको प्रशंसा गर्न सक्छन्, तर गलत काममाथि मौन बस्न बाध्य पारिनु हुँदैन । सत्तालाई ऐना देखाउने पत्रकार शत्रु होइन, लोकतन्त्रको पहरेदार हो । सरकारले बुझ्नुपर्ने कुरा के हो भने निर्वाचनमा प्राप्त बहुमत वा जनमत निरंकुश बन्ने अनुमतिपत्र होइन । जनताले दिएको मत शासन गर्ने अधिकार हो, जनताको आवाज बन्द गर्ने अधिकार होइन । बहुमतको सरकार हुनु र आलोचनाभन्दा माथि हुनु फरक कुरा हुन् । लोकतन्त्रमा सरकारको वैधता केवल निर्वाचनबाट मात्र स्थापित हुँदैन, उसको व्यवहार, जवाफदेहिता र नागरिक स्वतन्त्रताप्रतिको सम्मानबाट पनि स्थापित हुन्छ । नेपालको संविधानले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र सञ्चारको हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ । यी अधिकार कुनै सरकारको कृपा वा उदारतामा निर्भर छैनन् । संविधानभन्दा माथि सरकार हुँदैन । त्यसैले सरकारको आलोचना गरेको कारण पत्रकारलाई दुःख दिने, सञ्चारमाध्यमलाई धम्क्याउने वा असहमत विचारलाई बलपूर्वक दबाउने प्रयास संवैधानिक लोकतन्त्रको मर्मविपरीत हुन्छ । अझ चिन्ताजनक पक्ष के छ भने जब राज्यसत्तासँग असहमत हुने आवाजलाई राजनीतिक विरोधी, शत्रु वा षड्यन्त्रकारीको रूपमा चित्रण गर्न थालिन्छ, तब लोकतान्त्रिक सहिष्णुता कमजोर हुँदै जान्छ । सत्ताको आलोचनालाई व्यक्तिगत प्रतिष्ठामाथिको आक्रमण ठान्ने प्रवृत्तिले शासनलाई जनउत्तरदायी बनाउँदैन, बरु सत्तालाई आलोचनाबाट टाढा लैजान्छ । सरकारको असफलता समाचार बन्नु स्वाभाविक हो । जनताको पीडा सार्वजनिक बहसको विषय बन्नु स्वाभाविक हो । भ्रष्टाचार, अनियमितता, अन्याय र विभेदमाथि प्रश्न उठ्नु लोकतन्त्रको सामान्य प्रक्रिया हो । पत्रकारितामा पनि जिम्मेवारी र मर्यादा आवश्यक छ । समाचार तथ्यमा आधारित हुनुपर्छ, आलोचना प्रमाण र तर्कमा आधारित हुनुपर्छ । कसैले गलत सूचना सम्प्रेषण गर्छ भने त्यसको कानुनी र व्यावसायिक निरूपण हुनुपर्छ । तर त्यसका नाममा पत्रकारलाई धम्क्याउने, सञ्चारगृहमा आक्रमण गर्ने वा राज्यशक्तिको दुरुपयोग गरेर प्रतिशोध साँध्ने छुट कसैलाई हुँदैन । कानुनी शासनको अर्थ नै सबै विवादको समाधान कानुन र न्यायिक प्रक्रियाबाट हुनु हो, बल र धम्कीबाट होइन । इतिहास साक्षी छ, अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण लगाएर कुनै पनि शासन व्यवस्था दीर्घकालीन रूपमा बलियो बनेको छैन। विचारलाई प्रतिबन्ध लगाउन सकिएला, तर विचारको जन्मलाई रोक्न सकिँदैन । समाचारको एउटा ढोका बन्द गरिएला, तर सत्य उजागर हुने बाटो सधैँ बन्द रहँदैन । पत्रकारको हात बाँध्न सकिएला, तर जनताको चेतना र प्रश्न गर्ने अधिकारलाई सधैँ कैद गर्न सकिँदैन । आज पत्रकारमाथि भएको अन्यायलाई केवल पत्रकारहरूको पेसागत समस्याका रूपमा बुझ्नु पनि गलत हुन्छ । आज पत्रकारको बोल्ने अधिकार कुण्ठित भयो भने भोलि आम नागरिकको अभिव्यक्ति स्वतन्त्रता पनि जोखिममा पर्न सक्छ । आज एउटा सञ्चारगृहलाई तर्साइयो भने भोलि अरू सञ्चारमाध्यमले पनि आत्मनियन्त्रण गर्नुपर्ने अवस्था आउन सक्छ । त्यसपछि समाचारमा सत्यभन्दा सत्ता हाबी हुनेछ, सार्वजनिक बहसमा तर्कभन्दा डर हाबी हुनेछ र लोकतन्त्रमा नागरिकभन्दा शासकको इच्छा ठूलो बन्नेछ । लोकतन्त्रको रक्षा गर्ने जिम्मेवारी पत्रकारको मात्र होइन । राजनीतिक दल, नागरिक समाज, मानवअधिकारकर्मी, बुद्धिजीवी र आम नागरिक सबैको साझा दायित्व हो । राजनीतिक विचार फरक हुन सक्छन्, सत्ता र प्रतिपक्षका प्राथमिकता फरक हुन सक्छन्, तर प्रेस स्वतन्त्रताको सवालमा कसैले पनि दोहोरो मापदण्ड अपनाउनु हुँदैन । आफू सत्तामा हुँदा आलोचना दबाउने र प्रतिपक्षमा हुँदा प्रेस स्वतन्त्रताको पक्षमा बोल्ने प्रवृत्तिले लोकतान्त्रिक संस्कार विकास गर्दैन । सरकारले तत्काल पत्रकारमाथि भइरहेको धरपकड र सञ्चारगृहलाई त्रसित बनाउने गतिविधिको निष्पक्ष छानबिन गर्नुपर्छ। दोषी देखिएकालाई कानुनी दायरामा ल्याउनुपर्छ । पत्रकारले निर्भीकतापूर्वक समाचार लेख्न पाउने र सञ्चारमाध्यमले स्वतन्त्र रूपमा आृनो भूमिका निर्वाह गर्न पाउने वातावरण सुनिश्चित गर्नुपर्छ । सरकारको शक्ति आलोचकलाई चुप लगाउनमा होइन, आलोचनाको सामना गर्न सक्ने क्षमतामा देखिनुपर्छ । अन्ततः सरकार अस्थायी हो, सत्ता परिवर्तनशील हो, तर लोकतान्त्रिक मूल्य र नागरिक स्वतन्त्रता स्थायी महत्वका विषय हुन् । आज सत्तामा बसेकाहरूले भोलि प्रतिपक्षमा रहँदा पनि प्रेस स्वतन्त्रताको आवश्यकता महसुस गर्नुपर्नेछ । त्यसैले प्रेस स्वतन्त्रताको रक्षा कुनै दलविशेषको पक्ष वा विपक्षको विषय होइन, यो लोकतन्त्रको अस्तित्वसँग जोडिएको साझा सवाल हो।याद रहोस्, लोकतन्त्रमा सरकारको काम जनताको आवाज सुन्नु हो, आवाज उठाउनेको घाँटी निमोठ्नु होइन । प्रश्न गर्ने पत्रकारलाई तर्साएर सत्ता सुरक्षित हुन सक्दैन । आलोचनात्मक कलमलाई नेल लगाएर शासन बलियो हुँदैन ।***(लेखक राष्ट्रिय जनमोर्चा पाल्पाका अध्यक्ष एवं युवा नेता समेत हुन् ।)***

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस वेबदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : रोकिएको काम खुल्नेछ। पैसाको पक्ष बलियो बन्नेछ। शरीर फुर्तिलो रहनेछ।

वृष : पुरानो योजना काम लाग्नेछ। व्यापारमा ग्राहक थपिन सक्छन्।

मिथुन : व्यापारमा आम्दानीको बाटो खुल्नेछ। काममा आृनो सीप देखाउनुहुनेछ।

कर्कट : पैसाको काम मिल्नेछ। काममा मन जानेछ र जिम्मेवारी पूरा हुनेछ।

सिंह : काममा प्रशंसा पाइनेछ। सामाजिक काममा साथ मिल्नाले आत्मबल बढ्नेछ।

कन्या : खर्च घटाउने मौका मिल्नेछ। पढाइमा रोकिएको विषय अघि बढ्नेछ।

तुला: साझेदारीमा फाइदा हुनेछ। आर्थिक लाभका साथै काममा सहयोग पाइनेछ।

वृश्चिक : महत्त्वपूर्ण कुरा टुङ्गिनेछ। पैसाको लेनदेनमा सावधानी राख्नुहोस्।

धनु : व्यापारमा नयाँ बाटो खुल्नेछ। सामाजिक भेटघाटले उत्साह बढ्नेछ।

मकर : कामअनुसार मेहनतको फल मिल्नेछ। रोकिएको पैसा आउन सक्छ।

कुम्भ: व्यापारमा सहकार्य बन्न सक्छ। सामाजिक काममा सहभागी हुनुहुनेछ।

मीन : आज व्यवहारिक सोचले फाइदा दिनेछ। आर्थिक सुधार देखिनेछ।

स्वास्थ्य चर्चा

स्नायु उपचारमा फड्को मार्दै नेपाल, अब खाँचो राष्ट्रिय स्नायु केन्द्रको

प्रा.डा.राजीव झा

स्नायु उपचारमा फड्को मार्दै नेपाल, अब खाँचो राष्ट्रिय स्नायु केन्द्रको नेपालमा कुनै समय मस्तिष्कको जटिल शल्यक्रिया गर्नुपर्दा बिरामीका परिवारसँग दुईवटा विकल्प हुन्थे । सीमित अस्पतालमा उपचारको जोखिम मोल्ने वा विदेश जाने तयारी गर्ने ।समयसँगै यो अवस्था फेरिएको छ । नेपाली चिकित्सकले जटिल न्युरोसर्जरी गर्न थालेका छन् ।मस्तिष्कका रक्तनलीमा देखिने समस्या, ब्रेन ट्युमर, मेरुदण्डका जटिल रोगदेखि पार्किन्सन्स र छारे रोगको विशेष उपचारसम्मका सेवा देशभित्रै विस्तार भएका छन् ।यो परिवर्तन सामान्य होइन । सीमित पूर्वाधार, उपकरण र जनशक्तिका बीच नेपाली चिकित्सकले निर्माण गरेको उपचार क्षमताको परिणाम हो ।तर, उपलब्धिको यो सूची पढिरहँदा एउटा प्रश्न पनि सँगै उभिन्छ, के नेपालले स्नायु विज्ञानमा हासिल गरेको क्षमतालाई एउटै राष्ट्रिय प्रणालीमा जोड्न सकेको छ ?

नेपालको स्नायु विज्ञान अहिले विकासको नयाँ चरणमा प्रवेश गरिरहेको छ । तर यो विकासलाई संस्थागत गर्न नसके व्यक्तिगत चिकित्सकको सीप, केही अस्पतालको पूर्वाधार र सीमित संस्थाको प्रयासमै यसको सम्भावना खुम्चिने जोखिम रहन्छ ।

उपचारको दायरा फराकिलो हुँदै, चुनौती अझै बाँकी

नेपालमा अहिले १३५ जना न्युरोसर्जन कार्यरत छन् । करिब ७० अस्पतालमा न्युरोसर्जरी सेवा उपलब्ध छ । कुनै समय राजधानीका सीमित अस्पतालमा निर्भर रहनुपर्ने उपचार सेवा अहिले देशका विभिन्न भागमा विस्तार हुँदै गएको छ ।ब्रेन ट्युमर, मस्तिष्कका रक्तनलीसम्बन्धी रोग, मेरुदण्डका समस्या, स्कल बेस सर्जरी र बाल न्युरोसर्जरीमा उपचार क्षमता बढेको छ । न्यूनतम चिरफार प्रविधिबाट गरिने शल्यक्रियाले पनि उपचारका सम्भावना फराकिलो बनाएका छन् ।फङ्सनल न्युरोसर्जरी, पार्किन्सन्सका बिरामीमा प्रयोग हुने डीप ब्रेन स्टिमुलेसन (डीबीएस), इपिलेप्सी सर्जरी र न्युरोमोडुलेसनजस्ता आधुनिक उपचार पद्धति नेपालमा क्रमशः प्रवेश गरिरहेका छन् ।न्युरोलोजी सेवामा पनि विस्तार भएको छ । स्ट्रोकको उपचारमा थ्रोम्बोलाइसिस र मेकानिकल थ्रोम्बेक्टोमीजस्ता प्रविधिको प्रयोगले समयमै उपचार पाउने बिरामीका लागि नयाँ सम्भावना खोलेको छ ।इपिलेप्सी, मुभमेन्ट डिसअर्डर र न्युरोमस्कुलर रोगको पहिचान तथा उपचारमा पनि क्षमता बढ्दै गएको छ । ईईजी, भिडियो ईईजी, ईएमजी र आधुनिक न्युरोइमेजिङले रोग पहिचानलाई थप प्रभावकारी बनाएका छन् ।यससँगै बालबालिकाको न्युरोडेभलपमेन्ट, डिमेन्सिया, मानसिक स्वास्थ्य र न्युरो पुनर्स्थापनाका क्षेत्रमा पनि सेवा विस्तारको आवश्यकता र महत्त्व बढ्दै गएको छ । विश्वमा भने स्नायु विज्ञान अझै तीव्र गतिमा परिवर्तन भइरहेको छ । न्युरोइन्टरभेन्सन, न्युरोअन्कोलोजी, फङ्सनल न्युरोसर्जरी, न्युरोमोडुलेसन, कृत्रिम बुद्धिमत्ता र प्रेसिजन मेडिसिनले रोग पहिचानदेखि उपचारसम्मको परम्परागत अभ्यास बदलिरहेका छन् ।अबको चिकित्सा मात्र रोग पत्ता लगाउने र शल्यक्रिया गर्ने विषयमा सीमित छैन । बिरामीको अवस्थाअनुसार व्यक्तिगत उपचार, प्रविधिको प्रयोग, पुनर्स्थापना र दीर्घकालीन हेरचाह पनि उत्तिकै महत्त्वपूर्ण भएका छन् ।नेपालका लागि चुनौती यही हो, विश्वस्तरमा विकास भइरहेका यी प्रविधिसँग कदम मिलाउँदै आृनो उपचार प्रणालीलाई कसरी व्यवस्थित र पहुँचयोग्य बनाउने ?

राष्ट्रिय ब्रेन ट्युमर डाटा बैंक : उपचारभन्दा परको उपलब्धि

स्नायु विज्ञानको विकासमा उपचार सेवा विस्तार मात्र पर्याप्त हुँदैन । रोगको अवस्था, बिरामीको संख्या, उपचारको नतिजा र दीर्घकालीन प्रभावबारे भरपर्दो तथ्यांङ्क पनि आवश्यक हुन्छ ।

यही सन्दर्भमा राष्ट्रिय ब्रेन ट्युमर डाटा बैंकको स्थापना महत्वपूर्ण उपलब्धि हो । नेपालका विभिन्न अस्पतालमा उपचार गराइरहेका ब्रेन ट्युमरका बिरामीको तथ्यांङ्क एकीकृत गर्ने यो प्रयासले रोगको प्रकार, वितरण, उपचार पद्धति र नतिजाबारे राष्ट्रिय स्तरमा अध्ययन गर्ने आधार तयार गर्छ ।यसबाट अनुसन्धानलाई संस्थागत गर्न, अन्तर्राष्ट्रिय सहकार्य बढाउन र प्रमाणमा आधारित स्वास्थ्य नीति निर्माण गर्न सहयोग पुग्न सक्छ ।तर डाटा बैंकको महत्व ब्रेन ट्युमरमा मात्रै सीमित हुनुहुँदैन । स्ट्रोक, इपिलेप्सी, मस्तिष्क तथा मेरुदण्डको चोटपटक र अन्य स्नायु रोगका लागि पनि यस्तै राष्ट्रिय तथ्याङ्क प्रणाली विकास गर्न आवश्यक छ ।स्वास्थ्य क्षेत्रमा कति बिरामी उपचारका लागि आए भन्ने तथ्याङ्क मात्र पर्याप्त हुँदैन । उनीहरूलाई कस्तो उपचार दिइयो, त्यसको नतिजा के आयो, कति बिरामीमा अपाङ्ता रह्यो र कति पुनः सामान्य जीवनमा फर्किए भन्ने जानकारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।यस्ता तथ्यांकले नै उपचारको गुणस्तर सुधार्न र भविष्यको स्वास्थ्य योजना बनाउन मद्दत गर्छन् ।

विकासको असमानता : विशेषज्ञ छन्, तर सबै ठाउँमा सेवा छैन

नेपालको स्नायु विज्ञानमा भएको प्रगतिसँगै एउटा पुरानो समस्या अझै कायम छ । विशेषज्ञ जनशक्ति र आधुनिक उपचार सेवा काठमाडौं तथा केही ठूला सहरमा केन्द्रित छन् । स्नायु प्रणालीसम्बन्धी रोगमा समयमै उपचार पाउनु धेरै महत्वपूर्ण हुन्छ । विशेषगरी स्ट्रोक र मस्तिष्कको चोटपटकमा उपचारमा भएको ढिलाइले बिरामीको जीवन र दीर्घकालीन स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ ।तर आवश्यक विशेषज्ञ, उपकरण र पूर्वाधार नहुँदा धेरै बिरामीले उपचारका लागि लामो दूरी तय गर्नुपर्ने अवस्था छ । आधुनिक एमआरआई, न्युरोनेभिगेसन, इन्ट्राअपरेटिभ इमेजिङ, न्युरोइन्टरभेन्सन र मोलिक्युलर डायग्नोस्टिक्समा लगानी आवश्यक छ ।त्यति मात्रै होइन, न्युरोक्रिटिकल केयर, न्युरोप्याथोलोजी, न्युरोएनेस्थेसिया र पुनर्स्थापनामा दक्ष जनशक्ति पनि विकास गर्नुपर्छ । अर्को चुनौती विशेषज्ञताबीचको समन्वय हो ।न्युरोसर्जरी र न्युरोलोजी मात्रै मिलेर स्नायु प्रणालीका सबै जटिल समस्याको समाधान सम्भव हुँदैन । मनोरोग, बाल न्युरोसाइन्स, न्युरोप्याथोलोजी, न्युरो पुनर्स्थापना र अनुसन्धानलाई पनि एउटै उपचार प्रणालीमा जोड्नुपर्छ ।

अब किन चाहियो ३०० शैयाको राष्ट्रिय स्नायु विज्ञान केन्द्र ?

नेपालले स्नायु विज्ञानमा हासिल गरेको उपलब्धिलाई संस्थागत गर्ने अबको महत्वपूर्ण कदम समर्पित राष्ट्रिय स्नायु विज्ञान केन्द्रको स्थापना हुन सक्छ । कम्तीमा ३०० शय्याको यस्तो केन्द्र सामान्य अस्पतालको एउटा विभागका रूपमा होइन, उपचार, अनुसन्धान, शिक्षा र विशेषज्ञ जनशक्ति उत्पादन गर्ने विशिष्टीकृत संस्थाका रूपमा विकास गरिनुपर्छ।यस केन्द्रमा न्युरोसर्जरी, न्युरोलोजी, मनोरोग, बाल न्युरोसाइन्स, न्युरोअन्कोलोजी, न्युरोप्याथोलोजी, न्युरोइन्टरभेन्सन, फङ्सनल न्युरोसर्जरी, न्युरोक्रिटिकल केयर र न्युरो पुनर्स्थापनाका सेवा एकीकृत रूपमा उपलब्ध हुनुपर्छ।त्यसका लागि एमआरआई, सीटी, पीईटी-सीटी, न्युरोनेभिगेसन, इन्ट्राअपरेटिभ इमेजिङ, आधुनिक माइक्रोस्कोप तथा एक्सोस्कोप, न्युरोएन्डोस्कोपी र डीएसएजस्ता उपकरण आवश्यक हुन्छन् ।न्युरोइन्टरभेन्सन क्याथल्याब, डीबीएसलगायत न्युरोमोडुलेसन प्रविधि, ईईजी, भिडियो ईईजी, ईएमजी र मोलिक्युलर डायग्नोस्टिक्स प्रयोगशाला पनि केन्द्रका महत्वपूर्ण पूर्वाधार हुनुपर्छ।त्यस्तै, अत्याधुनिक न्युरो आईसीयू, स्ट्रोक युनिट, एचडीयू र पुनर्स्थापना केन्द्रबिना यस्तो संस्थाको परिकल्पना पूर्ण हुँदैन ।तर राष्ट्रिय केन्द्रको महत्व उपकरण र शय्याको संख्यामा मात्र सीमित हुनुहुँदैन। यसको अर्को प्रमुख जिम्मेवारी दक्ष जनशक्ति उत्पादन हो। स्नातकोत्तर शिक्षा, फेलोसिप, अनुसन्धान, क्लिनिकल ट्रायल र अन्तर्राष्ट्रिय शैक्षिक सहकार्यलाई केन्द्रको नियमित कार्यक्रम बनाउनुपर्छ।अहिले नेपालमा जटिल उपचारका लागि विदेश जानुपर्ने अवस्था छ। देशभित्रै उच्चस्तरीय उपचार र अनुसन्धानको वातावरण निर्माण गर्न सकिए यसले विदेशिने बिरामीको संख्या घटाउन मात्रै होइन, नेपाली चिकित्सक र अनुसन्धानकर्तालाई आृनै देशमा विशेषज्ञता विकास गर्ने अवसर पनि दिन सक्छ।

राष्ट्रिय केन्द्र मात्रै पर्याप्त हुँदैन

३०० शैयाको राष्ट्रिय केन्द्र स्थापना गर्दैमा देशभरका बिरामीले सहज उपचार पाउँछन् भन्ने हुँदैन । केन्द्र काठमाडौंमा स्थापना गरेर सेवा र विशेषज्ञता त्यहीं सीमित राखियो भने अहिलेको असमानता अर्को रूपमा दोहोरिन सक्छ। त्यसैले राष्ट्रिय केन्द्रसँगै प्रत्येक प्रदेशमा प्रादेशिक स्नायु विज्ञान केन्द्र विकास गर्नुपर्छ। राष्ट्रिय केन्द्रले जटिल उपचार, अनुसन्धान र विशेषज्ञ जनशक्ति उत्पादनको नेतृत्व गर्ने तथा प्रादेशिक केन्द्रले स्थानीयस्तरमा उपचार र आकस्मिक सेवा विस्तार गर्ने मोडल उपयुक्त हुन सक्छ।विशेषगरी स्ट्रोक र मस्तिष्कको चोटपटकका बिरामीलाई समयमै उपचार उपलब्ध गराउन प्रदेशस्तरमा दक्ष जनशक्ति, आवश्यक उपकरण र व्यवस्थित रेफरल प्रणाली विकास गर्नुपर्छ । यसका लागि न्युरोसर्जरी, न्युरोलोजी, मनोरोग र पुनर्स्थापनाका उपविशेषज्ञ उत्पादनलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ ।नेपाल न्युरोसर्जन्स सोसाइटी, न्युरोलोजी तथा मनोरोगसम्बन्धी व्यावसायिक संस्था, विश्वविद्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्य सरोकारवालाबीचको सहकार्य पनि बलियो बनाउनुपर्छ ।...

प्रदेशमा ट्रमा सेन्टर कि ठूला अस्पतालमै ट्रमा केयर ?

प्रशान्त वली



काठमाडौं, सडक दुर्घटना र विपद्बाट हुने मानवीय क्षति घटाउन सातै प्रदेशमा ट्रमा संरचना विस्तार गर्ने बहस चलिरहँदा अब हरेक प्रदेशमा छुट्टै 'राष्ट्रिय ट्रमा सेन्टर' स्थापना गर्ने कि ठुला जनरल अस्पतालसँग जोडिएको 'ट्रमा केयर सेन्टर' विकास गर्ने भन्ने विषय मुख्य एजेन्डा बनेको छ । राष्ट्रिय ट्रमा सेन्टरको १३ औं स्थापना दिवसका अवसरमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सातै प्रदेशमा प्रादेशिक ट्रमा सेन्टर स्थापना गर्ने सरकारको नीति रहेको स्पष्ट पारिन् । उनका अनुसार उपकरण, दक्ष जनशक्ति, बहुविषयगत चिकित्सक टोली र प्रभावकारी व्यवस्थापनसहित प्रादेशिक ट्रमा सेन्टर स्थापना गरिनेछ । जसले सामान्य तथा मध्यम प्रकृतिका चोटपटकको उपचार प्रदेशस्तरमै सम्भव बनाउने र बिरामीको रिफरल प्रणालीलाई व्यवस्थित गर्नेछ ।

मन्त्री मेहताले ट्रमा उपचारलाई शल्यक्रिया र औषधिमा मात्र सीमित नगरी शारीरिक पुनर्स्थापना तथा मनोसामाजिक परामर्श सेवालाई संस्थागत गर्ने, एम्बुलेन्स सेवा निर्देशिका, २०८२ लागू गरी देशभर एउटै आकस्मिक नम्बर १०२ मार्फत २४ सै घण्टा सेवा दिने तथा वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरबीचको सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरिन् । स्वास्थ्य मेहताले उपकरण, दक्ष जनशक्ति, बहुविषयगत चिकित्सक टोली र प्रभावकारी व्यवस्थापनसहित प्रादेशिक ट्रमा सेन्टर स्थापना गरिने बताइन् । यसबाट सामान्य तथा मध्यम प्रकृतिका चोटपटकको उपचार प्रदेशस्तरमै सम्भव हुने र बिरामीको रिफरल प्रणाली व्यवस्थित हुने उनको भनाइ छ । राष्ट्रिय ट्रमा सेन्टरको सेवा विस्तार र संस्थागत सुदृढीकरणमा मन्त्रालय सकारात्मक रहेको उल्लेख गर्दै मन्त्री मेहताले संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) स्वीकृति र दरबन्दी व्यवस्थापनका विषयलाई छिट्टै निष्कर्षमा पुऱ्याइने बताइन् । वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरबीचको सहकार्यलाई थप सुदृढ गर्दै ट्रमा उपचार सेवालाई प्रभावकारी बनाउन मन्त्रालय प्रतिबद्ध रहेको उनको भनाइ छ ।

राष्ट्रिय ट्रमा सेन्टरका निर्देशक डा. रु मरासिनीले जताततै वा राजमार्गका बाटोबाटोमा छुट्टै ट्रमा सेन्टर खोल्ने अवधारणाप्रति असहमति जनाउँदै संरचनागत यथार्थमाथि जोड दिए । विगतमा संसद् र संसद्को सार्वजनिक लेखा समितिका बैठकहरुमा गजुरी, त्रिशूली, दुम्कीबास, बर्दिबास र लम्कीजस्ता स्थानमा ट्रमा सेन्टर स्थापना गर्नुपर्ने आवाज उठेको प्रसंग कोट्याउँदै डा. मरासिनीले त्यसको विरोध जनाए । उनका अनुसार अहिले आवश्यक रहेको संरचना 'ट्रमा सेन्टर' मात्र नभई जनरल हस्पिटलसँग समन्वय र आबद्धता भएको 'ट्रमा केयर सेन्टर' हो । उनले भने, 'वीर अस्पतालको साथ र आधार नभएको भए ट्रमा सेन्टर सञ्चालन नै हुन सक्दैनथ्यो । ट्रमा केयरलाई केवल एउटा भौतिक संरचनाका रूपमा मात्र नलिई सेवा, सफ्टवेयर र दक्ष टिमको एकीकृत प्रणालीका रूपमा बुझ्नुपर्छ । गुणस्तरीय ट्रमा सेवाका लागि जनशक्ति, आवश्यक उपकरण तथा जनरल हस्पिटलको उपस्थिति अपरिहार्य रहन्छ ।'प्रदेशस्तरमा संरचना बनाउँदा अपनाउनुपर्ने मोडलबारे डा. मरासिनीले ठुला जनरल अस्पतालसँगको आबद्धता हुनुपर्नेमा जोड दिए । डा. मरासिनीका अनुसार प्रदेशस्तरमा ट्रमा सेवा विस्तार गर्दा छुट्टै र एक्लो संरचना बनाउनुको सट्टा विराटनगरमा कोसी अस्पताल, जनकपुरमा प्रादेशिक अस्पताल वा वीरगन्जको अस्पताल तथा चितवनमा भरतपुर अस्पतालजस्ता ठुला जनरल हस्पिटलसँग जोडेर (अलाइन गरेर) अघि बढाउनुपर्छ । 'दुर्घटनास्थल र राजमार्गमा प्राथमिक उपचारको व्यवस्था गर्न सकिए ट्रमा सेन्टरमा गम्भीर प्रकृतिका रिफरल केस मात्र आउने वातावरण बन्छ, जसका लागि इमर्जेन्सीमा छिटो रेस्पोन्स, रगत तथा सीटी स्क्यानको तत्काल उपलब्धता र समयमै शल्यक्रिया क्षमता विकास गर्नु अत्यावश्यक छ ।' सडक दुर्घटना र विपद्को क्षति न्यूनीकरण गर्न सरकारले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र 'ट्रमा सेवा सञ्चालन कार्यविधि, २०७७/ मार्फत नै सातै प्रदेशमा प्रादेशिक ट्रमा सेन्टर स्थापना गर्ने घोषणा गरिसकेको भए पनि ६ वर्ष बितिसक्दा समेत कार्यान्वयनको मोडालिटीमै अलमल देखिएको छ । चिकित्सकहरुका अनुसार प्रादेशिक ट्रमा सेन्टरले सामान्य तथा मध्यम प्रकृतिका चोटपटकको उपचार प्रदेशस्तरमै गर्न छुट्टै भौतिक पूर्वाधार, जनशक्ति र व्यवस्थापनसहितको स्वतन्त्र निकायलाई जनाउँछ । यस्तै, ट्रमा केयर सेन्टरले कोशी, भरतपुर वा प्रादेशिक अस्पतालजस्ता स्थापित ठूला जनरल अस्पतालकै छातामुनि आबद्ध रहेर तिनै अस्पतालका बहुविषयगत विशेषज्ञ, ब्लड बैंक, सीटी स्क्यान र आकस्मिक सेवासँगको एकीकृत समन्वयमा गम्भीर घाइतेको उपचार गर्ने प्रणालीलाई बुझाउँछ । सडक दुर्घटनाको भयावह तथ्याङ्कले पनि प्रदेश र राजमार्ग दुवै तहमा प्रभावकारी ट्रमा प्रणालीको खाँचोलाई झनै चर्किएको छ । २०८२/८३ मा मात्रै देशभर २९ हजार १९८ वटा सवारी दुर्घटना भएका छन्, जसमा ४४ हजार ४२९ वटा सवारीसाधन संलग्न थिए र ती दुर्घटनामा देशभर २१ हजार ७ जनाले ज्यान गुमाएका छन् । घाइतेलाई बेलैमा जीवनरक्षा गर्न सरकारले प्रमुख राजमार्गमा ट्रमा सेवा विस्तार गर्ने घोषणा गरेको ६ वर्ष बितिसक्दा पनि कार्यान्वयन सुस्त छ । नीतिगत र कानुनी रूपमा हेर्दा सरकारले २०७७/७८ को नीति तथा कार्यक्रममा पूर्व-पश्चिम, पृथ्वी, बीपी, त्रिभुवन, अरनिको, मेची, कोशी, सगरमाथा, सिद्धार्थ, राप्तीलगायतका मुख्य राजमार्गमा ट्रमा सेवा विस्तार गर्ने घोषणा गरेको थियो र सोही वर्ष जनस्वास्थ्य ऐन, २०७५ को अधिकार प्रयोग गरी 'ट्रमा सेवा सञ्चालन कार्यविधि, २०७७' जारी गरेको थियो । उक्त कार्यविधिको दफा ६ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग समन्वय गरी बढी दुर्घटना हुने स्थानको नक्साङ्कन गर्ने, पायक पर्ने स्वास्थ्य संस्थामा ट्रमा उपचारको व्यवस्था मिलाउने, जोखिमयुक्त क्षेत्रमा सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक अस्पतालमार्फत ट्रमा सेवा सञ्चालन गर्ने, हरेक प्रदेशमा लागत साझेदारीमा प्रादेशिक ट्रमा सेन्टर स्थापना गर्ने र टेलिमेडिसिन प्रणालीबाट समेत सेवा दिने व्यवस्था गरिएको छ । साथै, चोटपटकका घाइतेको उपचार निःशुल्क वा सहुलियतपूर्ण हुनुपर्ने, रकमको अभावमा कसैलाई उपचारबाट वञ्चित गर्न नपाइने, चौबीसै घण्टा सेवा उपलब्ध हुनुपर्ने, अनिवार्य स्वास्थ्य बीमा लागू हुनुपर्ने तथा सातवटै प्रदेश र केन्द्रमा पुनःस्थापना केन्द्र स्थापना गर्ने प्रावधान कार्यविधिमा रहे पनि व्यवहारमा पूर्ण कार्यान्वयन हुन सकेको छैन । राष्ट्रिय ट्रमा सेन्टरबाट एक वर्षको अवधिमा १ लाख २४ हजार एक सय १२ जना बिरामीले उपचार सेवा लिएका छन्, जसमा इमर्जेन्सीमा करिब १९ हजार र इन-पेसेन्ट भर्ना ६ हजार ७०० छन्, औसत बसाइ अवधि ९ दिन र मृत्युदर १.४४ प्रतिशत छ, बेड अकुपेन्सी रेट ९०.७३ प्रतिशत पुगेको छ, मृत्युदर घट्दै गएको छ तथा अर्थोपेडिक्स विभागमा सबैभन्दा बढी ८६ हजार बिरामीको चाप देखिएको छ ।-*रातोपाटी डटकम*

...राष्ट्रिय अनुसन्धान कोष, डाटा बैंकको विस्ता र, बहुकेन्द्रित अध्ययन र अन्त र्राष्ट्रिय शैक्षिक साझेदा रीले यस क्षेत्रको विकासलाई थप गति दिन सक्छ।यससँगै स्नायु रोगलाई उपचा रको विषयमा मात्रै सीमित न राखी राष्ट्रिय जनस्वास्थ्यको प्राथमिकतामा राख्नुपर्छ। स्ट्रोकको जोखिम घटाउने प्रयास, सडक दुर्घटनाबाट हुने मस्तिष्क तथा मेरुदण्डको चोटपटकको रोकथाम, इपिलेप्सीबा रे जनचेतना, मानसिक स्वास्थ्य, डिमेन्सिया र बालबालिकामा देखिने स्नायु रोगको समयमै पहिचानलाई पनि प्राथमिकता दिनुपर्छ ।

उपलब्धिलाई संस्थागत गर्ने समय

हाल १३५ न्यु रोसर्जन, कि रब ७० अस्पतालमा न्यु रोसर्ज री सेवा र राष्ट्रिय ब्रेन ट्युम र डाटा बैंकको स्थापना भैसकेको छ । यी तथ्यले नेपालले स्नायु विज्ञानमा तय ग रेको यात्रा देखाउँछन् । त र अबको प्रश्न कति विशेषज्ञ उत्पादन भए वा कति अस्पतालमा शल्यक्रिया हुन्छ भन्नेमा मात्रै सीमित रहनुहुँदैन।कति बिरामीको जीवन बचाउन सकियो ? कति जनालाई अपाङ्गताबाट जोगाउन सकियो ? कति बि रामीलाई पुनः आत्मनिर्भ र जीवनमा फर्काउन सकियो ? र, देशको कुन भूगोलमा बस्ने नागरिकले कस्तो उपचा र पाउन सके ? स्नायु विज्ञानको वास्तविक प्रगति मापन गर्ने आधा र यिनै प्रश्न हुनुपर्छ ।नेपालले अब व्यक्तिगत चिकित्सकको सीप र केही अस्पतालको प्रयासमा निर्भ र रहने अवस्थाबाट माथि उठ्नु पर्नेछ । उपचा र, अनुसन्धान, शिक्षा, प्रविधि र पुनर्स्थापनालाई एउटै राष्ट्रिय प्रणालीमा जोड्नु पर्नेछ।त्यसका लागि कम्तीमा ३०० शैयाको समर्पित राष्ट्रिय स्नायु विज्ञान केन्द्र स्थापना गर्ने बहसलाई योजनामा रूपान्त रण गर्न आवश्यक छ। पर्याप्त लगानी, दीर्घकालीन दृष्टिकोण र संस्थागत सहकार्य भए नेपालले स्नायु विज्ञानमा हासिल ग रेको उपलब्धिलाई अझ उचाइमा पुऱ्याउन सक्छ।

अनलाइन खबर डटकम

विश्वशान्ति ध्यानमय पदयात्रा लुम्बिनीमा



रुपन्देही, मंसिर १०/विश्वशान्ति, आध्यात्मिक जागरण र ध्यानको सन्देश फैलाउने उद्देश्यसहित पोखराबाट सुरु भएको मनोक्रान्ति विश्वशान्ति ध्यानमय पदयात्रा रुपन्देही आइपुगेको छ । विकासानन्द फाउन्डेसन विश्व परिवार, गण्डकी प्रदेशको आयोजनामा यही मङ्सिर ३ गते पोखरा-२३ स्थित इको स्पिरिचुअल योग आश्रम, बाराङबाट सुरु भएको पदयात्रा बुधबार बुटवल आइपुगेको हो ।

मनोक्रान्ति अभियानका नेता तथा आध्यात्मिक गुरु डा. योगी विकासानन्दले पदयात्रामार्फत प्रत्येक पाइलालाई ध्यानसँग जोड्दै मानसिक शान्ति, आत्मिक आनन्द र सकारात्मक सोचको अभ्यास गराइने बताए । उनले चक्रमण ध्यानले मनलाई वर्तमानमा केन्द्रित गर्न तथा विचारको चञ्चलता कम गर्न सहयोग पुग्ने धारणा राखे ।करिब २२० किलोमिटर दूरीको पदयात्रामा नौ महिने ध्यान शिविरमा सहभागी २५ जनासहित ३६ जना साधकसाधिका सहभागी छन् । यो अभियानको दोस्रो संस्करण हो ।

यसअघि पोखराको आश्रमदेखि गोरखनाथ मन्दिरसम्म १२० किलोमिटर पदयात्रा गरिएको थियो । पदयात्राका क्रममा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले डा योगी विकासानन्दलाई कर्णेल उजिरसिंहको तस्विरसहित सम्मान गरे। योगी विकासानन्द र गुरुआमा कमलेश्वर आनन्दलाई बुटवल उद्योग वाणिज्य सैका अध्यक्ष तथा जनप्रतिनिधि नरिश्वर शर्मा पौडेल, अभियन्ता नारायणप्रसाद घिमिरेलगायतले स्वागत गरेका थिए । पदयात्रा टोलीले लुम्बिनी पुगेर sfdfpkfl; dlgxfjf . -रासस

नेपाल-भारत सहमतिले भैरहवा...

...भारतका विभिन्न सहरबाट पर्यटकलाई भैरहवा हुँदै लुम्बिनी ल्याउन सकिने सम्भावना बढ्ने उनको भनाइ छ । उनले विमानस्थल सञ्चालनलाई प्रभावकारी बनाउन उडान सेवा, पर्यटकीय प्याकेज र यातायात व्यवस्थापनलाई पनि सँगसँगै अघि बढाउनुपर्नेमा जोड दिए । लुम्बिनी बौद्ध विश्वविद्यालयका प्राध्यापक सुरज घिमिरेले हवाई मार्ग विस्तारलाई लुम्बिनीको अन्तरराष्ट्रिय पर्यटनसँग जोडेर हेर्नुपर्ने बताए । बुद्धको जन्मस्थल लुम्बिनीलाई भारतका बोधगया, सारनाथ, कुशीनगर र श्रावस्तीजस्ता बौद्धस्थलसँग जोडेर धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्न सकिने उनको भनाइ छ । भैरहवा विमानस्थलबाट उडान विस्तार हुनसके नेपाल आउने पर्यटकलाई लुम्बिनीसहित कपिलवस्तुको तिलौराकोट, देवदह र रामग्रामजस्ता ऐतिहासिक तथा पुरातात्विक स्थलसम्म पुर्याउन सहज हुनेछ । यसबाट पर्यटन व्यवसायसँगै स्थानीय होटल, यातायात, कृषि तथा अन्य सेवा क्षेत्रमा रोजगारी र आम्दानीका अवसर सिर्जना हुने अपेक्षा गरिएको छ ।गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल निर्माणसँगै लुम्बिनीलाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्ने अपेक्षा गरिएको थियो । तर, नियमित अन्तरराष्ट्रिय उडानको निरन्तरतामा देखिएको चुनौतीका कारण विमानस्थलले अपेक्षित गति लिन सकेको छैन । यस्तो अवस्थामा नेपाल-भारतबीच भएको पछिल्लो सहमतिलाई कार्यान्वयनमा लैजानसके भैरहवा विमानस्थलको उपयोगिता बढ्नुका साथै लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ । -रासस

मनको आवाज.....
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक सोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

खेलकुद समाचार

पुलिसलाई हराउँदै आर्मी फाइनलमा



काठमाडौं, मंसिर १०/साविक विजेता नेपाल पुलिस क्लबलाई हराउँदै त्रिभुवन आर्मी फुटबल क्लब झापा महिला गोल्डकपको फाइनलमा पुगेको छ । झापाको दुधे रङ्गशालामा विहीबार भएको दोस्रो सेमिफाइनलमा आर्मीले पुलिसलाई १-० गोलले हरायो । आर्मीकी चन्द्रा भण्डारीले गोल गरिन् ।अब आर्मीले उपाधिका लागि फाइनलमा पहिलो संस्करणको उपविजेता एपीएफ फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ । बुधबार भएको पहिलो सेमिफाइनलमा झापा-११ लाई २-० गोलले हराउँदै एपीएफ फाइनलमा पुगेको हो । फाइनल खेल शनिवार हुनेछ । दोस्रो संस्करणको झापा महिला गोल्डकपको विजेताले ११ लाख तथा उपविजेताले ५ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।यस्तै प्रतियोगिताको उत्कृष्ट एक जना खेलाडीले १ लाख ५० हजार तथा उत्कृष्ट गोलकिपर, मिडफिल्डर, डिफेन्डर, सर्वाधिक गोलकर्ता र प्रशिक्षकले जनही २५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

अर्थ/कर्पोरेट समाचार

सुनको मूल्य बढ्यो, तोलाको कति पुग्यो ?



पाल्पा, मंसिर १०/नेपाली बजारमा बिहीबार सुन-चाँदीको मूल्यमा वृद्धि भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको भाउ प्रतितोला १ हजार ४०० रुपैयाँले बढेको हो ।

योसँगै छापावाल सुनको मूल्य तोलाको २ लाख ४२ हजार ८०० रुपैयाँ कायम भएको छ । यसअघि बुधबार सुन प्रतितोला २ लाख ४१ हजार ४०० रुपैयाँमा कारोबार भएको थियो । त्यस्तै, यस दिन चाँदीको मूल्यमा पनि सामान्य वृद्धि भएको छ । महासंघका अनुसार चाँदी प्रतितोला ३५ रुपैयाँले बढेर ३ हजार ७५ रुपैयाँ कायम भएको छ । अघिल्लो दिन बुधबार चाँदी तोलाको ३ हजार ४० रुपैयाँमा किनबेच भएको थियो ।

विश्व सुन परिषद्का अनुसार केन्द्रीय बैंकहरूले सुन खरिदलाई निरन्तरता दिइरहेका छन्। गत सेप्टेम्बरमा मासिक खरिद उच्च विन्दुमा पुगेको थियो, यद्यपि समग्र खरिद गत वर्षको सोही अवधिको तुलनामा ७ प्रतिशतले कम छ । ब्यानकवर्न क्यापिटल मार्केट्सका प्रबन्ध साझेदार तथा प्रमुख बजार रणनीतिकार मार्क चान्डलरका अनुसार विभिन्न सर्वेक्षणहरूले समग्रमा केन्द्रीय बैंकको खरिद प्रवृत्ति नबदलिने देखाएका छन्। 'तर, चीन वा अमेरिकाका प्रतिस्पर्धी देशबारे मात्र नसोच्नुहोस्,' चान्डलरले भने । विश्व स्वर्ण परिषद्ले नाटो सदस्य राष्ट्र पोल्याण्डलाई यस वर्षको अधिकांश समय सुनको प्रमुख खरिदकर्तामध्ये एकका रूपमा पहिचान गरेको उनले उल्लेख गरे ।

सर्टिफिकेट हराएको सूचना

मिति २०८३/०६/३० गते तानसेन -११ जोगीपानीदेखि तानसेन बसपार्कतर्फ आउँने क्रममा तानसेन नगरपालिका -११ तिलाहर निवासी ववितां ठडराईको प्लस टु को माईग्रेसन सर्टिफिकेट हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

नाम : ववितां ठडराई
ठेगाना : तानसेन-११,तिलाहर, पाल्पा
रजिष्ट्रेसन नम्बर : ६९४७।४००५
माइग्रेसन सिरियल नं.:M ३४६३१७
सम्पर्क नं. : ९८४७०००००९२

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

महिला हिंसा अन्त्य गरौं

-महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,

-कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,

-महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,

-सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।
जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. ५८/०७५/७५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायामाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई